नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

मिति :२०८०।११।२१ को मा.मन्त्रीस्तर निर्णयबाट स्वीकृत ।

# स्थानीय तहमा सञ्चालन हुने रबर खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

**प्रस्तावनाः** नेपालमा रबरजन्य उपजहरू जस्तै टायर, सोल, स्वास्थ सामग्री, घरेलु सामग्री लगायतका उद्योगहरूको कच्चा पदार्थको माग तथा आयात बढ्दो क्रममा रहेको साथै अन्य बालीहरुको तुलनामा रबर खेतीवाट राम्रो आम्दानी लिन सकिने भएकोले नेपालका रबर उत्पादन हुने स्थानहरुमा रबर खेती प्रवर्द्धन गर्न आवश्यक रहेको छ । यस सन्दर्भमा चालु आर्थिक बर्ष २०८०/८१ मा विभिन्न स्थानीय तहहरु मार्फत रबर खेती प्रवर्द्धन कार्यक्रम संचालनको लागि बजेट हस्तान्तरण भएको हुँदा उक्त कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारीरुपमा संचालन गर्न नेपाल सरकार, विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयलबाट यो कार्यविधि तयार गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम **"रबर खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०"** रहेको छ।

(२) यो कार्यविधि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) **"अनुदान"** भन्नाले नेपाल सरकारबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, औद्योगिकरण तथा गरिबी निवारण रागेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रचलित कानून अनुसार लेखा राख्ने लगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने गरी प्रदान गरिने आर्थिक सुविधा, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलव्ध गराइने कृषि सामग्री, उपकरण तथा अन्य सहायता सम्झनुपर्छ ।

(ख) **अनुदानग्राही** "भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका लाभग्राही कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समिति र कृषि व्यवसायीहरूलाई सम्झनु पर्छ ।

(ग) **"कृषि"** शब्दले बाली, बागवानी, व्यवसायिक कीट आदिका उप-क्षेत्रसँग सम्बन्धित उत्पादन, प्रशोधन उद्योग एवं व्यवसायलाई सम्झनुपर्छ ।

(घ) **"कृषि सामग्री"** भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, बिरुवा, विषादी, जैवीक पदार्थ तथा हार्मोन, कृषि चुन तथा रसायन, पोषक तथा शुक्ष्म तत्व, कृषि औजार, उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुर्‍याउने अन्य सामाग्री/वस्तुलाई समेत सम्झनुपर्छ ।

(ङ) **"सार्वजनिक पूर्वाधार"** भन्नाले सार्वजनिक निकायबाट निर्माण हुने बजार पूर्वाधार, तटबन्ध तथा बाँध निर्माण, सिंचाईका पूर्वाधारहरू लगायत अन्य सार्वजनिक प्रयोजनका कृषि सम्वन्धी पूर्वाधारहरूलाई सम्झनुपर्छ ।

सचिव

(च) "सामुदायिक पूर्वाधार" भन्नाले उपभोक्ता समिति वा अनुदानग्राही वा लाभग्राही समुदायबाट निर्माण हुने सिंचाई पूर्वाधार, उत्पादन तथा प्रशोधन पूर्वाधार, कृषि बजार पूर्वाधार लगायत अन्य सामुदायिक प्रयोजनका कृषि सम्वन्धी पूर्वाधारहरूलाई सम्झनुपर्छ ।

(छ) "सशर्त कार्यक्रम" भन्नाले संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट सशर्त वित्तीय हस्तान्तरण मार्फत प्रदेश वा स्थानीय तहमा वा दुवैमा गएका कृषि सम्वन्धी कार्यक्रमहरूलाई सम्झनुपर्छ ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि क्षेत्र हेर्ने संघीय मन्त्रालयलाई सम्झनु पर्छ ।

(झ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश स्थित कृषि क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ ।

(ञ) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ ।

(ट) "लक्षित वर्ग र क्षेत्र" भन्नाले यो कार्यक्रम कृषक, कृषक समूह, वन उपभोक्ता समिति मार्फत निजी जग्गा, नीजि वन, बाँझो जमिन, समुदाययिक वन, हैसियत बिग्रिएको वन, सार्वजनिक जमिन, नदी/बाटो किनार, प्राकृतिक प्रकोपले क्षति पुर्‍याएको स्थान आदिमा संचालन गरिनेछ।

(ठ) "सम्बन्धित कार्यालय "भन्नाले प्रदेश मन्त्रालयको जिल्ला स्थित कृषि हेर्ने कार्यालय र स्थानीय तहलाई सम्झनु पर्छ ।

**३. कार्यक्रमका उद्देश्यहरुः (१) रबर खेती प्रवर्द्धन कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् –**

(क) रबर बालीको क्षेत्र विस्तार गर्ने ।

(ख) रबर बालीको उत्पादकत्व वृद्धि गर्ने ।

(ग) उत्पादकहरुको प्राविधिक क्षमता अभिवृद्धि गर्ने ।

(घ) रबरको वजार प्रवर्द्धनमा सहयोग गर्ने ।

## परिच्छेद -२
## व्यवस्थापकीय पक्ष

**४.अनुदान उपलब्ध गराउन सक्नेः** स्थानीय तहले स्वीकृत सशर्त कार्यक्रम बमोजिम यस कार्यविधिमा उल्लेखित कार्यक्रमहरूको उद्देश्य, प्रमुख क्रियाकलापहरू र न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक विषय अनुसार कार्यक्रम सञ्चालन गर्न अनुदान उपलब्ध गराउन सक्नेछ । यस कार्यविधि बमोजिम देहाय अनुसारका स्थानीय तहहरुमा संचालन गरिनेछ।

इटहरी उप-महानगरपालिका-सुनसरी, धरान उप-महानगरपालिका-सुनसरी,माई नगरपालिका-इलाम, विर्तामोड नगरपालिका-झापा, भद्रपुर नगरपालिका-झापा,मेचीनगर नगरपालिका-झापा, शिवसताक्षी नगरपालिका झापा,रामधुनी नगरपालिका-सुनसरी, उर्लाबारी नगरपालिका-मोरङ,लेटाङ नगरपालिका-मोरङ,सुन्दरहरैचा नगरपालिका-मोरङ,हलेसी तुवाचुङ नगरपालिका-खोटाङ,चुलाचुली गाउँपालिका-इलाम,कचनकवल गाउँपालिका झापा,बाह्रदशी गाउँपालिका-झापा,बुद्धशान्ति गाउँपालिका-झापा ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

**५. अनुदान रकमको सीमा र प्रतिशत:** (१) स्थानीय तहले सशर्त कार्यक्रम अन्तर्गत संचालन गर्ने रबर खेती प्रवर्द्धन कार्यक्रमको क्रियाकलापहरू तथा अनुदान रकमको सीमा देहाय बमोजिम हुनेछ:

**(क) रबर नर्सरी स्थापनाः** स्थानीय लागत स्टिमेटका आधारमा प्रति पालिका एउटा स्क्रिन हाउस/प्लाष्टिक हाउसमा नर्सरी स्थापना हुने गरी औजार उपकरण, नर्सरी पूर्वाधार र सिंचाई पूर्वाधार सामाग्रीमा ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ । तर प्रति नर्सरी अनुदानको रकम रु. ३ लाख भन्दा बढी हुने छैन । यसरी स्थापना हुने नर्सरीको क्षमता न्यूनतम १००० वटा बेर्ना उत्पादन गर्न सक्ने हुनुपर्नेछ ।

**(ख) क्षमता विकास कार्यक्रमः** स्थानीय तहले रबरबाली नर्सरी स्थापना तथा संचालन, रबर खेती, अन्तरबाली, कृषि वन व्यवस्थापन, लगायतका विषयमा तालिम कार्यक्रम संचालन गर्नेछ। प्रयोगात्मक अनुभवको लागि अध्ययन अवलोकन भ्रमण संचालन गर्न सकिनेछ ।

**(ग) निजी जमिनमा बगैंचा विस्तारः** कृषक उद्यमी तथा कृषक समूहका सदस्यहरुले आफ्नो नीजि जग्गामा रबर खेती गर्न सक्नेछन् । यसको लागि कृषक उद्यमीको हकमा कम्तिमा ५ कठ्ठा, समूहको हकमा कार्यक्रममा सहभागि सदस्यहरुको एकिकृत गरी कम्तीमा १० कठ्ठा क्षेत्रफलमा रबर खेती गर्नुपर्नेछ । क्षेत्र विस्तार गर्दा सकेसम्म एउटै क्लस्टरमा हुने गरी गर्न प्राथमिकता दिनुपर्नेछ । यसको लागि बेर्ना खरिद, सिँचाइ पूर्वधार, अन्तरवालीको रुपमा लगाईने बालीको बिउ/वेर्ना खरिद र औजार उपकरणमा ५० प्रतिशत सम्म अनुदान दिन सकिनेछ।

**(घ) सार्वजनिक/समुदायको जमिनमा बगैंचा विस्तारः** सार्वजनिक क्षेत्रको उपयुक्त खाली जग्गामा रबर खेती विस्तारका लागि स्थानीय तहले बिरुवा रोपण गर्न सकिने सम्भाव्य सार्वजनिक जग्गाको पहिचान गरी अभिलेखीकरण गर्नेछ र पहिचान भएका जग्गामा दीर्घकालीन योजना बनाई लागु गर्नुपर्नेछ । त्यस्ता जग्गाका हकमा रोड कोरिडोर, सार्वजनिक निकायका खाली जग्गा, स्कुल, कलेज, नदी कोरिडोर, पैरो बाढी सम्भावित क्षेत्र आदि पर्दछन् भने सामुदायिक जग्गामा कम्युनिटी/कबुलियती/ हैसियत बिग्रिएको वन तथा उपभोक्ता समूहबाट सञ्चालित वनक्षेत्रहरू पर्दछन्।स्थानीय आवश्यकता र लागत अनुमानका आधारमा अनुदान उपलब्ध गराउन सकिने छ । अनुदानका क्षेत्रहरु र अनुदानको दायरा दफा ५ बमोजिम हुनेछ ।

**(ङ) सहयोगी कार्यक्रमः** योजना तर्जुमा गोष्ठी, सार्वजनिक सुनुवाइ कार्यक्रम, अभिमुखीकरण गोष्ठी, माटो जाँच शिबिरजस्ता कार्यक्रमका लागि अर्थ मन्त्रालयबाट प्रकाशित कार्य सञ्चालन निर्देशिका बमोजिम खर्च गर्न सकिनेछ।

**(च)** उत्पादित रबर सङ्कलन केन्द्र निर्माण, साना उद्योग व्यवसाय प्रवर्द्धनका क्रियाकलापहरू समेत सञ्चालन गर्न सकिनेछ । यसको लागि लागत अनुमानका आधारमा ५० प्रतिशत वा बढिमा ५ लाखसम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

**६. माग सङ्कलन:** (१) यस कार्यविधि बमोजिमका सशर्त कार्यक्रममा सहभागी हुन लक्षित बर्गबाट माग सङ्कलन गर्न सम्वन्धित स्थानीय तहले नियमानुसार समयमै अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) कार्यविधिको परिच्छेद-२ अन्तर्गत विभिन्न कार्यक्रम शिर्षकमा तोकिएका मापदण्ड/आधारभुत/प्रासाङ्गिक पक्ष पुरा गर्ने गरी ईच्छुक निवेदकले अनुसूची-२ बमोजिम आवेदन पेश गर्नुपर्नेछ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

**७. लाभग्राही छनौटः** (१) स्थानीय प्राथमिकता र विनियोजित वजेटको परिधीभित्र रही स्थानीय तहहरुले कार्यक्रम बाँडफाँड गरी कार्यान्वयन गर्न सक्नेछन् ।

(२) कार्यक्रम संचालनको लागि उपयुक्त सञ्चार माध्यमवाट सूचना प्रवाह गरिनेछ । विनियोजित वजेट र स्वीकृत कार्यक्रमको परिधिभित्र रही संभाव्य संख्यामा कार्यक्रम संचालन गरिनेछ ।

(३) आवेदनको छनौट स्थानीय तहले मापदण्ड निर्धारण गरी गर्न सक्नेछ । छनौट भएका आवेदकहरुसंग सम्झौता गरी कार्यान्वन गरिनेछ ।अनुदान वितरण गर्दा लक्षित बर्गले यस्तो अनुदान प्राप्त गर्ने र प्राप्त गर्ने अनुदानको सदुपयोग सुनिश्चित हुनु पर्नेछ ।

(४) समग्र कार्यक्रम संचालनको समन्वय सम्बन्धित स्थानीय तहको कृषि शाखाले गर्नेछ ।

**८.अनुदान प्रवाहः** (१) सशर्त कार्यक्रम अन्तर्गत क्रियाकलापहरू सञ्चालन गर्दा अनुदानग्राहीलाई प्रदान गरिने सेवा सुविधा सम्वन्धी व्यवस्था दफा ५ अनुसार हुनेछ ।

(२) यस कार्यविधि बमोजिम छनौट भएका अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, सो को समयसारणी एवं अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवं भूक्तानी विधि उल्लेख गरी सम्वन्धित कार्यालयले अनुसूची-३ अनुसार अनुदाग्राहीसँग सम्झौता गर्नेछ ।

(३) दफा ८ (२) अनुसार भएको सम्झौता बमोजिम कार्य सम्पादनको आधारमा सम्वन्धित कार्यालयले अनुदानग्राहीलाई अनुदान रकम भूक्तानी गर्नेछ ।

(४) अनुदानलाई कृषक मैत्री बनाउन माग भएको सामग्री र उपकरणको आधार, गुणस्तर र प्रति एकाई मूल्यको सूचना माग गरी कम्तिमा ३ आपूर्ति कर्ताको प्रतिस्पर्धात्मक सूची सार्वजनिक गरी प्राप्त गुणस्तर र मूल्य अनुरुप सबै भन्दा कम दररेटका आधारमा अनुदान रकम निर्धारण गर्न सक्नेछ । अनुदानग्राहीले सूची सार्वजनिक गरिएका आपूर्तिकर्ता मध्ये आफूले चाहेको व्राण्डको आपूर्ति कर्ताबाट तोकेको मूल्य तिरी सामग्री वा उपकरण खरिद गर्न सक्नेछ। यस क्रममा वस्तु सामाग्री वा उपकरणको गुणस्तर र मापदण्ड स्वीकृत भएको हुनुपर्दछ। यसरी खरिद गरेको अवस्थामा पनि अनुदानको रकम भने सम्वन्धित कार्यालयले निर्धारण गरेको भन्दा बढी हुने छैन ।साथै रबर खेतिसंग सम्बन्धित योजना तर्जुमा गोष्ठी,सार्वजनिक सुनुवाई कार्यक्रम र अभिमुखिकरण गोष्ठी संचालनमा अनुदान दिईने छैन ।

**९.अनुदानको भुक्तानीः** (१) नगद अनुदान दिइने कार्यक्रमको हकमा अनुदान रकम सोझै अनुदानग्राहीको बैङ्क खातामा जम्मा हुने गरी भुक्तानी गरिनेछ ।

(२) अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ । कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित निकायको जिम्मेवार प्राविधिकले स्थलगत निरीक्षण गरी तयार पारेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदानग्राहीलाई अन्तिम भुक्तानी गरिनेछ तथा आगामी आर्थिक बर्षमा थप आर्थिक दायित्व सृजना नहुने गरी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

**१०. कार्यक्रम अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः (१) विवरण प्रकाशन गर्नुपर्नेः** कार्यक्रम सञ्चालनको लागि छनौट भएको क्षेत्र/क्लष्टर, छनौट भएको विषय, अनुदानग्राहीसँग भएको सम्झौताको विवरण सम्वन्धित कार्यालयले नियमित अध्यावधिक गरी प्रकाशन गर्नेछ ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

**(२) प्रगति प्रतिवेदन पठाउनु पर्ने:** (क) सम्वन्धित कार्यालयले त्रैमासिक एवं वार्षिक प्रगति विवरण अनुसूची-४ बमोजिमको ढाँचामा कृषि विभागमा पठाउनु पर्नेछ । यस बाहेक समय समयमा माग भए बमोजिमको प्रगति तथा अन्य विवरण समेत पठाउनु पर्नेछ ।

(ख) कार्यक्रमको नियमित प्रतिवेदन पेश नगर्ने तथा प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन नगर्ने स्थानीय तहलाई आगामी आ.व.मा कार्यक्रम सञ्चालनका लागि बजेट प्रस्ताव गरिने छैन ।

**(३) अनुगमन र मूल्याङ्कन:** (क) कार्यक्रमको अनुगमन संघीय, प्रादेशिक तथा स्थानीय तहका सम्बन्धित कार्यालयहरुबाट संयुक्त वा छुट्टाछुट्टै पनि हुन सक्नेछ।

(ख) अनुगमनको क्रममा दिईएका मौखिक वा लिखित निर्देशनहरुको पालना गर्नु सम्बन्धित कार्यालय र अनुदानग्राहीको कर्तव्य हुनेछ।

## परिच्छेद-३

## विविध

**१०.प्रचलित कानून बमोजिम कारवाही हुने:** यस कार्यक्रम अन्तर्गत प्राप्त हुने बजेट दुरुपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता लाभग्राहीलाई प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरिनेछ।

**११. संशोधन तथा खारेज:** यस कार्यविधिमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा खारेजी गर्न सक्नेछ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची – १

### परिच्छेद-२ को दफा ६(१) सँग सम्बन्धित

### .............................कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना (नमूना)

सूचना ।सूचना । ।सूचना । । ।

यस............................................................................................को आर्थिक वर्ष............ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार .......अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा ........................... स्थानीय तहका कृषि व्यबसाय एवं सहकारी सम्बन्धी संलग्न ईच्छुक कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म /उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले...........दिनभित्र..................कार्यालयमा तपसिल अनुसारका कागजातहरू सँगलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ । यस सम्बन्धी थप जानकारीका लागि वेवसाईट .................................वा फोन नं................................... .मा सम्पर्क गर्न सकिनेछ ।

आवश्यक कागजातः

1. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
2. कृषि व्यबसाय गर्ने अनुसूची अनुसारको प्रस्ताव (व्यवसायिक उत्पादनको हकमा)
3. निजी फर्मको हकमा गत आ .व .को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन फोटोकपी
4. निजी फर्मको हकमा गत आ.व .सम्म कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित स्थानीय तहको प्रमाण
5. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी
6. प्रतिवद्धता-पत्र
7. आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरू

नोट -: सूचनामा व्यवसायिक वा लक्षित वर्ग बिशेष कार्यक्रम छुट्याई प्रकाशन गर्न सकिनेछ ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची- २

परिच्छेद-२ को दफा ६(२) सँग सम्बन्धित

**अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा (नमूना)**

मितिः

विषयः अनुदान उपलव्ध गराइदिनुहुन ।

श्रीमान् .......................... ज्यू

................कार्यालय

................स्थानीय तह /प्रदेश

महोदय

तहाँ कार्यालयबाट मिति..........................मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको............................ कार्यक्रमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ । कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलव्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु ।

**तपसिलः**

अनुदानग्राहीको नामः

ठेगानाः

स्थानीय तह /प्रदेशः

वडा नः

कार्यक्रमको नामः

कार्यक्रमको उद्देश्यः

अनुदान रकम आवश्यक पर्नुको कारणः

सञ्चालन गरिने कार्यक्रमः क्रमागत भए गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन

कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः

कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः

कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः

कार्यक्रमबाट लाभान्वित जनसंख्याः

**निवदेक**

कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म /उद्यमी कृषक

अध्यक्ष/प्रतिनिधिको दस्तखतः

नाम थरः

पदः

सम्पर्क फोन नं

मितिः

संस्थाको छाप

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची – ३

### परिच्छेद-२ को दफा ८(२)सँग सम्बन्धित

### सम्झौताको ढाँचा (नमूना)

यो सम्झौता पत्र............स्थानीय तह (यस पछि पहिलो पक्ष) भनिएको........... कृषि फार्म/ उद्यमी कृषक........................गा.पा/नपा.....................वडानं......टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त वमोजिमको कुराहरूलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ ।

यो सम्झौता, सम्झौता भएको मिति ............ देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट वमोजिमको कार्य यथाशिघ्र सञ्चालन गरि मितिः........साल........महिना.....गतेसम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

१. यस सम्झौता बमोजिमको .............................. कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आंफैले गर्नु पर्नेछ । दोस्रो पक्ष आंफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन ।

२. सम्झौता वमोजिमको कार्य सञ्चालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु. ................ (अक्षरेपी.) र दोस्रो पक्षको लागत सहभागिता रु........(अक्षरेपी) व्यहोरिनेछ ।

३. दोस्रो पक्षले सम्झौता बमोजिमको .....................कार्यक्रम अन्तरगत..............................व्यबसाय/उद्यम संचालन लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ ।

४. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरूले दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

५. दोस्रो पक्षले.................... कार्यक्रम अन्तर्गत.......................व्यबसाय सञ्चालन सम्बन्धी कार्यको सार्वजनिक जानकारीका लागि Public Audit गराउनुपर्नेछ ।

६. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश भए पश्चात सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पे चेक मार्फत भुक्तानी दिनेछ ।

७. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

८. दोस्रो पक्षले स्वीकृत प्रस्तावनाको कार्य तालिका बमोजिम मिति .......... सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (स्वीकृत प्रस्तावना/इष्टिमेट अनुसार) पूर्णरुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ ।

९. सम्झौता बमोजिमको कार्यगर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ ।

१०. कार्यविधिको खण्डबाट सम्झौतामा अनिवार्य उल्लेख हुनुपर्ने विषयहरू

११. कार्यक्रमसँग प्रासङ्गिक अन्य विषयहरू(आवश्यक भएमा)

सचिव

१२. कार्यक्रमको विस्तृत ल.इ .डिजाइन संलग्न बमोजिम हुने (आवश्यक भएमा) ।

१३. भुक्तानी हुने खाता नम्वरः

नामः

खाता नम्वरः

१४. यो सम्झौतामा उल्लेख भएका कुराहरूमा यसै बमोजिम र अन्य कुराहरूमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| पहिलोपक्ष | दोस्रो पक्ष |
|---|---|
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| पद | पद |
| मिति | मिति |
| कार्यलयको छाप | संस्थाको छाप |

रोहवर

| | |
|---|---|
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| ठेगाना | ठेगाना |
| मिति | मिति |

मितिः २०८ ..।....महिना ।....गते

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं

अनुसूची –४

परिच्छेद-२ को दफा १० को उपदफा २(क) सँग सम्बन्धित

<u>त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदनको ढाँचा</u>

क) **परिचयात्मक विवरण**

१. आर्थिक बर्ष: २०८०।८१

२. प्रदेश /स्थानीय तह: ..............

३. कार्यालयको नामः................

४. प्रगति प्रतिवेदनको अवधीः...............

ख) **प्रगति विवरण**

१.वित्तिय प्रगति

| क्र.सं. | कार्यक्रम / क्रियाकलाप | बार्षिक विनियोजित बजेट (रु .हजारमा) | ......त्रैमासिक विनियोजित बजेट (रु. हजारमा) | हाल सम्मको खर्च (रु. हजारमा) | वित्तिय प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

२.भौतिक प्रगति, प्रतिफल तथा प्रगति नपुगका कारणहरू

| क्र.सं. | कार्यक्रम / क्रियाकलाप | एकाई | बार्षिक लक्ष्य | ......... त्रैमासिक लक्ष्य | ......... त्रैमासिक प्रगति | हालसम्मको प्रगति | मुख्य मुख्य प्रतिफलहरूको विवरण | प्रगति नपुगका कारणहरू |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |

३.लाभान्वित कृषक /अनुदानग्राहिहरूको विवरणः

| क्र.सं. | अनुदानग्राहिको नाम (व्यक्ति /फर्म /कम्पनी) | ठेगाना | सम्पर्क नं. | अनुदानको विवरण (के का लागि कति) |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

सचिव

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौं

ग) कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू र समाधानका उपायहरूः

| क.सं. | कार्यक्रम/क्रियाकलाप | कार्यक्रम कार्यान्वयनका प्रमुख समस्याहरू | समाधानार्थ अपनाइएका उपायहरू | प्रभावकारी कार्यान्वयनका लागि सुझावहरू |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

घ) कार्यक्रम सम्बन्धि कुनै सुझाव भए उल्लेख गर्ने

तयार गर्ने

नामः

पदः

दस्तखतः

प्रमाणित गर्ने

नामः

पदः

दस्तखतः

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं